जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।


**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २८३ पृष्ठः ४ | २०८१ फाल्गुन २६ गते सोमबार (Monday 10 March 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गर्विलो विगतलाई संरक्षण गर्न नसक्नु दुःखद : पूर्वराष्ट्रपति यादव

**विनय आजाद**

सिरहा, २५ फाल्गुन। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले शिक्षा क्षेत्रमा मधेशको गर्विलो इतिहास रहेको बताएका छन्। सिरहाको माडरमा शनिबार ११५औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। कुनै बेला मधेशका जिल्ला शिक्षाको केन्द्र हुने गरेको पनि उनले बताए। 'मधेश कुनै बेला शिक्षाको केन्द्र हुन्थ्यो, यहाँका जिल्लामा संस्कृत, गणित, विज्ञान, हिन्दीलगायतका विषयका दक्ष शिक्षक हुन्थे,' उनले भने, 'तर, यो गर्विलो विगतलाई हामीले संरक्षण पनि गर्न नसक्नु निकै दुःखद हो।' मुलुकमा पटक-पटक सरकार फेरिए पनि कसैले स्तरीय शिक्षाबारे नसोच्दा समाज अगाडि बढ्न नसकेको पनि उनले बताए। मुलुकमा पटक-पटक क्रान्ति भएर व्यवस्था परिवर्तन भए पनि शैक्षिक क्रान्ति हुन नसक्नुको दोष राजनीतिक नेतृत्वले लिनुपर्ने उनले सुनाए। 'शिक्षा भनेको सामाजिक क्रान्तिको मूल आधार हो,҂ उनले भने, ҃तर, हामी यसमा गम्भीर हुन नसक्दा समाज अगाडि बढ्न सकेन, यसको दोष हामीले नै लिनैपर्छ।'



लोकतान्त्रिक व्यवस्थालाई सुदृढ पार्दै समाजलाई अगाडि बढाउन शिक्षा र स्वास्थ्यलाई राज्यले गम्भीरतापूर्वक लिनुपर्ने यादवले बताए। यस्तै, मधेशमा चुरे विनाश नरोकिएको भन्दै उनले चिन्ता पनि व्यक्त गरे।

## मिटर ब्याज पिडितहरुले दिए जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना

जनकपुर, २५ फागुन। मिटर ब्याज पिडितहरुले जनकपुरधाम स्थित जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन्। आइतबार मिटर ब्याज विरुछ किसान मजदुर आन्दोलन नेपालको अगुवाइमा सयौंको संख्यामा रहेका मिटर ब्याज पिडितहरुले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन्। गत माघ १४ गत्ते भएको वृहत आमसभाबाट घोषणा गरिएको नीति योजना अनुसार आज फागुन २५ गत्ते जिल्ला प्रशासन कार्यालयमा एक दिने धर्ना दिनुका साथै ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको मिटर ब्याज विरुद्ध किसान मजदुर आन्दोलन नेपाल, धनुषाका अध्यक्ष राजाराम यादवले जानकारी दिए।



उनले गृहमन्त्रालय र सरकारलाई आफूहरुले सचेत गराउन खोजेको बताए। सरकारले कानुन बनाएतापनि त्यसले पिडित भन्दा ऋण दिने साहुलाई नै लाभ हुने गरेको गुनासो अध्यक्ष यादवले गरे। सरकारले अहिले ल्याएको कानुनले आफूहरुसंग धोका गरेको आरोप लगाए। सरकारले मिटरब्याज सम्बन्धि कानुन आफूहरुको हितमा हुने गरि परिमार्जन नगरे तीन लाख मिटरब्याज पिडित काठमाण्डौं पुगेर संसद भवन घेराउ गर्ने चेतावनीसमेत उनले दिए।

## मिथिला माध्यमिकी परिक्रमा : यात्रुलाई हेल्पडेक्सको निरन्तर सहयोग

विजयकुमार साह

जनकपुर, २५ फागुन। भारत खुला सीमा संवाद समूह र क्लोथ बैङ्क नेपालले संयुक्त रुपमा सञ्चालन गरेको हेल्पडेक्सले मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई निरन्तर सहयोग गर्दै आएको छ। परिक्रमाका यात्रीको स्वास्थ्य जाँच, औषधी वितरण तथा अन्य आवश्यक सामग्री प्रदान गरेर सहयोग गर्दै आएको हो। नेपाल-भारत खुला सीमा सम्वाद समूहका केन्द्रीय अध्यक्ष राजीव झाले परिक्रमामा सहभागी भएका श्रद्धालुको सुविधाका लागि हेल्पडेक्स सञ्चालन गरिएको बताए। उनका अनुसार परिक्रमा सुरु भएदेखि नै प्रत्येक विश्रामस्थलमा पुगेर यो सेवा प्रदान गरिएको छ।

विशेषगरी लामो दूरीको यात्राका क्रममा यात्रुलाई पर्ने स्वास्थ्य समस्यालाई ध्यानमा राखी आवश्यक उपचार उपलब्ध गराइएको छ। परिक्रमाको १० औं विश्रामस्थलमा हेल्पडेक्सले शिविरमार्फत् साधु-सन्तको स्वास्थ्य परीक्षण गरी आवश्यक औषधी वितरण गरिएको बताउँदै अध्यक्ष झाले अहिलेसम्म तीन हजारभन्दा बढी भक्तजनलाई सेवा दिएको जानकारी दिए। भक्तजनको स्वास्थ्य जाँचका साथै आवश्यक परामर्श, प्राथमिक उपचार, पिउने पानी, विश्रामस्थलको व्यवस्थापन जस्ता विभिन्न सेवाबाट उपलब्ध

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## नेपाल एसबिआई बैंकका ग्राहकलाई स्काईलाईन इन्फ्रामा विशेष छुट

जनकपुर, २५ फागुन। नेपाल एसबिआई बैंक लि. र स्काईलाईन इन्फ्रा लिमिटेड वीरगञ्जबीच बैंकका सम्पूर्ण डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई लक्षित गरी खाद्य तथा पेय पदार्थलगायत अन्य सुविधामा १५ प्रतिशत र आवास सुविधामा १० प्रतिशतसम्म छुट दिने सम्भौता भएको छ।

सो सम्भौतापत्र बैंकका मधेश प्रदेश प्रमुख, उदय पन्जीयार थारु र स्काईलाईन इन्फ्राका निर्देशक, अंकुर भंगर अग्रवालले आदानप्रदान गरेका थिए। सो कार्यक्रममा बैंकका वीरगन्ज शाखाका प्रबन्धक, राकेश महर्जन र बैंक तथा होटेलका

-बाँकी तीन पेजमा

**जैविक विविधताको संरक्षण गरौं**

- वनजंगलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,
- परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं।
- जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## राज्यका संस्थाहरूको औचित्यमै प्रश्न

बाल सुधारगृहका बालबालिका न्यूनतम सुविधा र सुरक्षाबाट वञ्चित हुनुले केन्द्रीय बाल न्याय समिति, राष्ट्रिय बाल अधिकार परिषद्लगायतका संस्थाहरूको औचित्य र अस्तित्वमा नै प्रश्न खडा भएको छ कानुनसँग विवादमा परेका बालबालिकालाई वयस्क कैदी बन्दीसँग राख्दा अपराधको दलदलमा भासिने जोखिम भएकाले भएपछि बालसुधार गृहमा राख्न थालिएको हो। बाल अधिकार महासन्धि कार्यान्वयन गर्ने क्रममा नेपालमा विसं २०५७ सालमा पहिलो बाल सुधारगृह खोलिएको थियो।

समयसँगै कानुनसँग विवादमा परेका बालबालिकाको सङ्ख्या बढ्यो भने बालसुधार गृहमा राखिएकाहरूलाई १८ वर्षपछि पनि सजाय भुक्तान नहुँदासम्म अन्यत्र पठाइएन। फलस्वरूप, बालबालिकालाई सु ने र सही वातावरणमा हुर्कने अवसर उपलब्ध गराउने मूल उद्देश्यमा राज्य विफल भएको छ।

नेपालका बाल सुधारगृहहरूमा पछिल्ला वर्षहरूमा बालबालिकाबीच र सुरक्षाकर्मीसँग पनि पटकपटक झडप हुनेगरेको छ। पछिल्लोपटक शुक्रवार विराटनगरस्थित बाल सुधारगृहमा झडप भएको समाचार छ। झडपलगत्तै सरकारले चासो देखाए पनि दीर्घकालीन समाधानका लागि भने खासै केही गरेको देखिँदैन। देशका अधिकांश कारागारहरूजस्तै ८ वटै बालसुधार गृहहरूको अवस्था दयनीय छ। तिनमा क्षमताभन्दा बढी बालबालिका राखिएका छन् भने कतिपय न्यूनतम मानवीय सुविधा पनि छैनन्। त्यसमाथि वयस्क भइसकेपछि पनि बालबालिकासँग राखिएकाले पनि तनाव बढ्नु अस्वाभाविक होइन।

भ७डप भएको विराटनगरको सुधारगृहमा ५० जना राख्ने क्षमता भए पनि अहिले करिब ५ गुणा बढीलाई राखिएको छ। तिनमा पनि आधा त १८ वर्ष नाघेका अर्थात् वयस्क छन्। शुक्रवारको झडपमा संलग्नहरू २२ वर्षका रहेको बताइएको छ।

विराटनगरलगायत ४ वटा बाल सुधारगृह न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम ९युसेप०ले सञ्चालन गरेको छ भने बाँकी ४ वटा सरकारले आफैँ चलाएको छ। युसेपले नै देशको पहिलो बाल सुधारगृह विसं २०५८ मा भक्तपुरमा सञ्चालन गरेको हो। कानुनसँग विवादमा परेका बालबालिकालाई वयस्क बन्दीसँग कारागारमा नराख्नु भन्ने सर्वोच्च अदालतको आदेश पालना नभएपछि तत्कालीन गृह सचिव र धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मानहानिमा सजाय गरेको थियो। अनिमात्र बाल सुधारगृह सञ्चालनका लागि सरकारले युसेपको सहयोग लिएको थियो। बाल न्यायका क्षेत्रमा देशमा केन्द्रीय बाल न्याय समिति, राष्ट्रिय बाल अधिकार परिषद्लगायतका समिति र संस्था कार्यरत छन्। तर, तिनको ध्यान भने कागजी सुधारन्मा बढी केन्द्रित देखिएको छ। सुधारगृहमा राखिएका बालबालिकाको सर्वाङ्गीण विकासका लागि गर्नुपर्ने कार्यहरू भने सरकारी समिति र पदाधिकारीको प्राथमिकतामा परेको पाइँदैन।

सम्भवतः सुरुको जस्तै कुनै दण्डात्मक विधि नअपनाउन्जेल अहिलेका पदाधिकारीले पनि बाल सुधारगृहको अवस्था सुधार गर्न ध्यान दिनेछैनन्। यसैले, तत्कालै बालबालिका र उमेर पुगेकाहरूलाई बेग्लै गृहमा राख्ने र शिक्षा र स्वास्थ्य सेवाको न्यूनतम व्यवस्थाका लागि रकम विनियोजन गर्न लगाएर सर्वोच्च अदालतको बाल न्याय समितिले आफ्नो औचित्य र अस्तित्व सिद्ध गर्नुपर्छ।

# सबै राजा बन्न चाहने देश



जेबी दर्लामी

पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्लो अभिव्यक्तिपछि तातिएको देशको राजनीतिक मौसम यत्तिकै सेलाएर जालाजस्तो छैन। उनको त्यस अभिव्यक्ति सानोतिनो तयारीका साथ आएकै थिएन तर गणतन्त्रको रक्षक हौँ भन्नेहरूले अझै पनि त्यसलाई गम्भीरतापूर्वक पर्गेलेका छन् भन्ने देखिँदैन। यही फागुन ७ गतेको उनको मन्तव्य सुन्दा–पढ्दा लाग्छ कि त्यसअघि उनले बोल्ने गरेको दरबारिया कलमको भाषा त्यसमा पटक्कै छैन। बरु त्यसमा अहिले केही मिडियाले प्रयोग गरिरहने भाषा र भाष्यलाई प्रयोग गरिएको छ।

जति आश्चर्यजनक घटना त्यस दिन ज्ञानेन्द्रले गरेको साहसलाई मान्न सकिन्छ, उति नै राजनीतिक दलहरूले साधेको मौनतालाई लिन सकिन्छ। त्यसअघि कतै ज्ञानेन्द्रले थोरै मात्र राजनीतिक असन्तुष्टिको बोली बोल्दा तत्क्षण प्रतिक्रिया दिने दलहरू यसपटक उनले सत्ता नै हातमा लिने आह्वान गरिरहँदा भने प्रतिक्रियाविहीन भई बसे। केही दल र नेताको प्रतिक्रिया एकदमै ढिलो गरेर आयो। यसलाई कसरी अर्थ्याउन सकिन्छ, राजनीतिक विश्लेषक तयार होलान् नै। ज्ञानेन्द्रको मन्तव्यपछि देशैभर राजसंस्थाको पक्षमा जुन माहोल बनिरहेको छ, बनाइएको छ, त्यसबाटै प्रमाणित हुन्छ कि उनको मन्तव्य निकै तयारीका साथ आएको छ तर हामीले बुझ्नुपर्ने कुरा के छ भने ज्ञानेन्द्रको मन्तव्य त सलाईको काँटी सल्केको जस्तो मात्रै हो, खासमा असन्तुष्टि नामको बारुदको चाङ त यो देशमा पहिल्यै तयार छ। यो तयार गर्नमा मूलधारका भनिने राजनीतिक दल नै मुख्य जिम्मेवार छन्।

खासमा यो गणतन्त्र नामको व्यवस्था झुटो छ, यो नक्कली गणतन्त्र हो। संघीयताका नाममा गलत अभ्याससहितको यो व्यवस्था एक दिन जसरी पनि परिवर्तन हुनैपर्छ, हुने नै छ, नभए ढल्ने निश्चित छ। यो व्यवस्था कुनै दिन साँचो गणतन्त्रमा जाला या पछाडि फर्केर पुनः राजतन्त्रमा पुग्ला ? अनिश्चित छ। यही तरिकाले हो भने यिनै दल र नेताहरूले विगतमा जस्तै सत्ताको साँचो दरबारमा बुझाएर आफूहरू चाहिँ बिन्तीपत्र लेखाउन नबस्लान् भन्न सकिने अवस्था पनि छैन।

गणतन्त्र नामको यो व्यवस्था झुटो किन भनिएको हो भने संविधानसभामार्फत यसलाई घोषणा गरिँदा विज्ञहरू सम्मिलित राज्य पुनर्संरचना आयोगको सुझावलाई रद्दीमा फालिएको थियो। आयोगको बहुमत सदस्यले प्रदेशको संरचना १० जोड एक (१० वटा भौगोलिक र एक गैरभौगोलिक) हुने गरी बुझाएको रायलाई पैतालामा कुल्चने यिनै दल थिए। यस विषयमा थप विस्तारमा जानुपर्ने देखिन्छ। किनभने कुनै पनि रोगको सुरुवात नै सानोबाट हुने हो। गणतन्त्रमा लागेको रोगको पहिलो लक्षण पनि यही थियो।

आयोगले संविधानसभामा बुझाएको प्रदेशका नाम यस्ता थिए : १) लिम्बुवान, २) किरात, ३) ताम्सालिङ, ४) मधेश मिथिला–भोजपुरा, ५) नेवा, ६) नारायणी, ७) तमुवान, ८) मगरात, ९) कर्णाली–खप्तड, १०) मधेश–अवध–थारुवान।

यससँगै देशभरिका दलित समुदायका लागि ११औँ प्रदेश गैरभौगोलिक हुनुपर्ने सुझाव थियो। उल्लिखित नाममा धेरै आपत्ति जनाउनेमा अहिलेका ठुला पार्टीहरू शीर्ष स्थानमा थिए। उनीहरूले आफ्ना जन, धन र पहुँचको अधिकतम प्रयोग गरेर यसलाई जातीय रङ दिन सफल भए। यसमा सोझासिधा जनता पनि तिनका षड्यन्त्रको पासोमा सजिलै परे।

जनतालाई यति कुरा मात्रै बुझाउन पनि सकिएन कि जात र जाति भनेका नितान्त फरक विषय हुन्। जात भनेको हिन्दु वर्णाश्रमले तोकेको कथित तल्लो र माथिल्लो भन्ने वर्गीकरण हो। यसमा छुत–अछुत भन्ने हुन्छ। यसले मान्छे मान्छेबिचमा भेदभाव सिर्जना गर्छ, विभेद गर्छ। तर जाति भनेको हिन्दु वर्णाश्रममा नपर्ने समुदायलाई जनाउने कुरा हो। उदाहरणका लागि मगर कुनै जात होइन, यो जाति हो। राई, लिम्बु, तामाङ, गुरुङ आदि यो देशका आदिवासी समुदाय कुनै जात होइनन्, उनीहरू एकापसमा छुवाछुत गर्दैनन्, सामुदायिक तहमा विभेद पनि गर्दैनन्।

तसर्थ माथि उल्लेख गरिएका प्रदेशका नामकरण जातका आधारमा होइन, जातिका आधारमा थियो। समुदायका आधारमा थियो तर बुझ्नेकाले बुझ पचाए, नबुझ्नेका त त्यसै कुहिरोको काग बन्न विवश भए। आखिरमा यति धेरै धनराशि नष्ट गरेर काम गरेको उच्चस्तरीय आयोगलाई पङ्गु बनाएर यिनै दल हाबी भइदिए र यिनकै अनुकूल हुने गरी देशको सीमाङ्कन नक्साङ्कन गर्ने काम भयो।

मौका समातेर पछि नामकरण गर्ने काम पनि यिनीहरूकै अनुकूलतामा भयो। देश संघीयतामा गइसक्दा समेत अखण्डताको नाममा देशभर नाटक मञ्चन गरियो। कतिले यही सन्दर्भमा ज्यान दिनुपर्‍यो। केही नागरिक अझै जेलमा छन्। टीकापुर घटना त्यही अखण्डवालाहरूले गरेको कामको घीनलाग्दो परिणाम थियो। देशभरि अखण्डको आलाप गाउन एक मुख भएका दलहरू आफ्ना केही नेताको भोट बैंक सुरक्षित पार्न भने जिल्ला टुक्र्याउन सहमत भए। नयाँ जिल्ला त्यही कारण जन्मिए। केही जिल्लाहरू त्यही कारण गाभिए।

अझ यी दलले नेपाली जनतालाई भेडा नै ठानेको उदाहरण खोज्नुपरे संविधानलाई पढे पुग्छ। संविधानमा धर्मजस्तो संवेदनशील विषयमाथि मजाक गरिएको छ। सारमा यो संविधान हिन्दु धर्मसापेक्ष नै हो तर रूपमा भने धर्म निरपेक्ष हो कि भन्ने पारिएको छ। फलतः अतिवादीले त्यसको रूपमाथि टेकेर धर्मको राजनीति गर्ने मौका पाइरहेका छन्।

यो देशका आदिवासी, दलित, मधेशी, महिला र सीमान्तकृतलाई २०६३ सालको अन्तरिम संविधानले दिएजति मात्रै अधिकार पनि २०७२ को संविधानमा खोस्ने काम गरियो। संविधान नै यसरी विभेद र विभाजनकारी बनेपछि देशमा बस्ने ठुलो जनसंख्याले यसमा आफ्नोपन महसुस गर्न पाएन। उसको यो राज्यमा समान सहभागिता छुट्दै गयो। मत मतान्तर घट्नुको साटो बढ्दै गयो। समाजको अन्तर्विरोध बुझेर त्यसलाई सम्बोधन गर्न सक्ने व्यक्ति या संस्था कोही, केही देखा नै परेन। यस्तोमा देशभर निराशा नफैलिएर के फैलन्छ ? देश गणतन्त्रमा प्रवेश गरिसकेपछि वास्तविक जनतन्त्रको अपेक्षा गर्नु आम नेपाली जनताको गल्ती थिएन। तर सत्तामा हालीमुहाली गर्नेहरूले पालैपालो देशको दोहन गर्नेबाहेक अरुतिर ध्यानै दिएनन्। राष्ट्रपति र प्रधानमन्त्रीले शीतल निवासबाट विमानस्थलसम्म जान र काठमाडौँबाट बनेपा पुग्न समेत हेलिकोप्टर चढेको हामीले देखेका छौँ।

गाउँगाउँमा सिंहदरबारका नाममा दलहरूको सिन्डिकेट हामीले भोगेका छौँ। सत्ताका निकट मुठीभर चम्चेहरूले रातारात धन–दौलत थुपारेको पनि हेर्नुपरेकै छ। जे देख्न पाउने अपेक्षा थियो, त्यो भने जनताले पाएनन्। विद्यार्थी र क्षमतावान् युवाहरूको विदेश पलायन रोक्ने कुनै योजना राज्य सत्ता कब्जा गरेर बसेकाहरूसँग आजपर्यन्त देखिएन। राज्यशक्तिको आड लिएर झोलामा खेती गरिरहेकाहरू मौलाएर आए तर वास्तविक किसानलाई सम्बोधन गरेको देख्न पाइएन। मजदुरहरूको हितमा कुनै योजना बनेको देख्न पाइएन। राज्यका हरेक तहमा समानुपातिक समावेशिताको झिनो आभाससम्म देख्न वा सुन्न पाइएन। यस्तो पनि गणतन्त्र हुन्छ र ?

बलिदानको भुङ्ग्रोबाट उठेकै मान्छे पनि सिंहदरबारमा पुगेपछि राजा बन्न चाहने देश बनेको छ नेपाल। सामान्य वडाध्यक्षको पाँच वर्षे पदलाई समेत यहाँ त बपौती ठानिसके मान्छेले। यस्तो समयमा अढाई सय वर्ष शासन गरेको राजसंस्थाको प्रतिनिधिले शक्तिमा आउने लालच देखाउनुलाई अन्यथा पनि कसरी मान्नु ? घोषित रूपमा राजसंस्था आउला/नआउला तर जनताको नोकर हुनुपर्ने ठाउँमा बसेर आफैँलाई राजा ठान्ने वर्तमान प्रवृत्तिको खारेज हुनैपर्छ। देशमा सबैले अपनत्व महसुस गर्न पाउनैपर्छ। जनताको परिवर्तनको चाह पूरा हुनैपर्छ।

# चरेससहित तीन पक्राउ

पर्सा, २५ फागुन। प्रहरीले वीरगन्जबाट शनिबार राति लागुऔषध चरेससहित ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बारा कलैया उपमहानगरपालिका–२ का २३ वर्षीय लड्डु राम, पर्सा बिन्दवासिनी–३ का ३५ वर्षीय सरोज साह र वीरगन्ज–११ का २३ वर्षीय रवि चौधरी छन्। प्रहरी चौकी भिष्वा डाँडाबाट खटिएको प्रहरी टोलीले वीरगन्ज–१५ ब्रहमचोकस्थित उनीहरुले संयुक्त भाडामा लिई बसेको घरकोठाको खानतलासी गर्दा चरेस बरामद गरेको थियो।

कोठामा लुकाइराखेको अवस्थामा पहेँलो प्लास्टिकभित्र १५ वटा पोकामा ६ किलो ५ सय ९० ग्राम चरेस फेला परेको प्रहरीले जनाएको छ। तीनै जनालाई नियन्त्रणमा लिई लागुऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिमको कसुरमा ५ दिन म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरी प्रवक्ता डिएसपी सुवास भट्टले जानकारी दिए।

### *मिथिला माध्यमिकी...*

गराउँदै आएको उहाँको भनाइ छ।

अध्यक्ष झाले केही वर्षयता प्रत्येक साल यस प्रकारको शिविर सञ्चालन गर्दै आएको बताउँदै आगामी वर्षमा सेवा अझ व्यवस्थित र प्रभावकारी बनाउने योजना रहेको जानकारी दिनुभयो। परिक्रमाका क्रममा हेल्पडेक्सबाट प्राप्त सहयोगले यात्रा गर्न सहज भएको साधुसन्तको भनाइ छ। मिथिलाको महाकुम्भ मानिने १५ दिने मिथिला माध्यमिकी परिक्रमा फागुन १५ गते धनुषाको कचुरीबाट सुरु भएको थियो।

### *नेपाल एसबिआई ...*

अन्य पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो। नेपाल एसबिआई बैंकले विगत ३१ वर्ष देखि बैकिङ सेवा प्रदान गर्दै आईरहेको छ। हाल बैंकका १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखा रहीत बैंकिङ, ७ प्रादेशिक कार्यालय, १२५ एटिएम र १ कर्पोरेट क्र्यालय सञ्चालनमा छन्।







# एकातिर हतकडी लगाएर लखेट्दै ट्रम्प, अर्कातिर चोरबाटो अमेरिका छिर्न लाइन लाग्दै नेपाली

काठमाण्डौं, २५ फागनु। काठमाडौंको नयाँ बसपार्कबाट दक्षिणपूर्व मैत्रीनगरको एक तीनतले होटलमा केही युवाको बाक्लै चहलपहल थियो। आवासीय सुविधा भएको त्यस होटलमा पश्चिम र मध्यपश्चिम क्षेत्रका युवाहरूको बाक्लै आउजाउ हुन्छ, प्रायः। रोजगारीको खोजीमा विदेशको बाटो तताउने तयारीमा रहेका युवाको छोटो समयको आश्रय थलो नै मान्दा हुन्छ, त्यस लजलाई। जीवन गुजारा चलाउन र परिवारको गर्जो टार्न विदेश उड्ने तयारीमा रहेका युवाको भीडमा भेटिए, एउटा निन्याउनो अनुहार।

आँखामा गाढा अवसाद हिउँदे पाहुनासरह बास बसेको थियो। गेरू रङ धारण गर्दै आकाशले जसै हुलिया बदल्थ्यो, युवकको अनुहारमा निराशाको बाक्लो धर्सा देखापर्थ्यो उनी ठूलै सन्तापले थिचेजस्तो निःस्वास निकाल्थे। उनी रहेछन् कमल शाही (नाम परिवर्तन)। पश्चिमरूकुम आठबीसकोटका। दुई वर्षअघिसम्म उनका सपना हृष्टपुष्ट थिए। स्नातकसम्म अध्ययन गरेका, गाउँमै सानोतिनो नोकरी गरिरहेकाले उनको सपनाको आयातन त्यति ठूलो थिएन। बालखैदेखि बाबुआमाले उनलाई सानो सपनाको छहारीमा हुर्काएका थिए। परिवारले देखाएकै बाटामा लुकामारी खेल्दै हुर्किएकाले मथिंगलमा ठूलो आकांक्षाले गट्टा खेल्न पाएको थिएन। उनी गाउँकै आधारभूत (आठ कक्षासम्म पढाइ हुने) स्कुलमा पढाउँथे। उमेर, अध्ययन र जिम्मेवारीले कुचाको मुख काटेजस्ती श्रीमती घरको काममा उत्तिकै सघाउपघाउ गर्थिन्। नगरपालिकाको केन्द्रनजिकै घर भएकाले बजार फराकिलो बन्दै थियो।

जग्गा–जमिनको आयस्ता ठीकै हुने भएकाले साँझ–बिहान चुह्लो जगाउन कुनै बोझ उठाउनु पर्दैनथ्यो। अचानक उनको गाउँमा अमेरिकी सपनाको सुनामी पस्यो। तीव्र वेगमा। किलै रित्तिने गरी, टाट्नो खाली हुने गरी गोठ उजाडिएजस्तो मानिसहरू अमेरिकी सपना पछ्याउन थाले। त्यो सपनाको लर्कोमा के युवा, के प्रौढ, श्रमशील उमेरका सबै मिसिए। हुलका हुल अमेरिका लागे। अन्ततः गाउँ रित्तो हुन लाग्यो। अमेरिकी सपनाको लप्का उनको दैलामा पनि आइपुग्न बेर लागेन। 'अमेरिकाको सपना पस्नुअघि हामी ठीकठाक थियौं। आफ्नै परिश्रमले पुगेको थियो। म स्कुलमा जागिर गर्थें। घरको काम पनि भ्याएकै थिएँ। मझौला आकारको परिवार धान्न कुनै मुस्किल थिएन, कमल दुई वर्षअघि फर्किए। दुई वर्षअघि – ठ्याक्कै दिन याद छैन उनलाई। लाग्दो पुस हुनुपर्छ। त्यति बेला पनि गाउँमा अमेरिकी सपनाको ठूलै आँधीबेहरी चलेको थियो। त्यो आँधी उनको आँगनमा पनि मडारिन आइपुग्यो। 'म त विदेश जान्न भनेर सोचिरहेको थिएँ तर गाउँघरतिर अमेरिका जाने लहरै चल्यो। गाउँमा एजेन्टहरू सक्रिय रहेछन्– उनीहरूले देखाएकै बाटोमा गाउँका युवा एकपछि अर्को गर्दै अमेरिका गइरहेका बेला म चाहिँ पछि पर्छुकि जस्तो लाग्यो,' उनी अहिले सम्झिन्छन्।

दलालले उनलाई पनि सजिलो बाटो देखाए। सजिलै अमेरिका जाने टाढाको बाटो देखाउने दलाल टाढाका थिएनन्। नाताले उनकै फूपूका छोरा पर्थे। आफ्नै दाजु समानका व्यक्ति नै एजेन्ट भएर आएपछि उनी अमेरिका सजिलैसँग पस्न सकिनेमा ढुक्क हुन थाले।

चन्द थरका ती एजेन्टले अरूलाई पनि अमेरिका पठाइरहेको उनले सुनेका थिए। ५५ लाखसम्म खर्चनुपर्ने भएकाले उनलाई आँट भने आइहालेको थिएन।

त्यत्रो पैसा खर्च गर्ने हो भने यहीँ केही उद्यम गर्न सकिनेसम्म उनले सोचेका थिए। फेरि भन्नेबित्तिकै त्यतिका ऋण कसले पत्याउनू– अमेरिका जाने भनेपछि पत्याउलान् पनि, तर त्यत्रो ऋणको सावाँ–ब्याजको बोझ कसरी उठाउनु– जीवनभर ऋणको पासोमा परिरहन उनको मनले मञ्जुर गरेको थिएन। तर एजेन्ट बनेर आएका दाजुले उनलाई अमेरिका पुग्ने बाटो मात्र होइन, त्यहाँ पुगेर 'सेटल' हुने उपायसमेत बताइरहेका थिए। त्यसपछि उनको मथिंगलमा खल्बली मच्चियो। सुत्दा, उठ्दा, खाँदा, बस्दा उनलाई अमेरिकी सपनाले रोटेपिङसरह घुमाउन थाल्यो।

अन्ततः सपनाले जित्यो। तल्लो बाटो अमेरिका पस्न मन राजी भयो। दलाललाई पाँच लाख पासपोर्टसँगै बुझाउनुपर्थ्यो। पर्यटक भिसामा दुबई जाने रूट तय भएकाले त्यहाँ पुगेपछि थप पैसा बुझाउनुपर्थ्यो। दुबईबाट ब्राजिल हुँदै अघि बढ्दा देशैपिच्छे किस्ता–किस्तामा पैसा भुक्तानी गर्ने र मेक्सिकोको चोर बाटो भएर अमेरिका पस्नुपर्ने भएकाले ठाउँ–ठाउँमा तिर्नुपर्ने पैसाको जोहो उनी नेपाल हुँदै गरिसक्नुपर्थ्यो। यत्तिका पैसा कहाँबाट जुटाउने? उनको मथिंगलमा अर्को आँधी मडारिइरहेका बेला परिवारले नै उपाय पहिल्यायो, आठबीसकोटकै जग्गा बेचिदिने। घडेरी बनाउन मिल्ने, बाटोछेउको रोज्जा जग्गा थियो, त्यो। मानिसहरूको आँखामा परेको त्यो जग्गा बिक्री हुन गाह्रो थिएन। अमेरिकी सपनाको लहर चलेकाले परिवारले त्यही जग्गा बेच्ने निधो गर्‍यो। साढे ३३ लाख रूपैयाँमा जग्गा बिक्यो। तैपनि पैसा अपुग थियो। बाँकी कहाँबाट जुटाउने भनेर धेरैतिर मन डुलाउन परेन। आफन्तभित्रैका मानिसहरू ऋण दिन तयार भइहाले।

अमेरिका जाने भनेपछि पैसा खोज्न गाह्रो रहेनछ। पैसा छ भन्नेहरू प्रशस्तै निस्किए। उनीहरू घरमै पैसा बुझाउन आउन तयार रहेछन्,' उनले हाँस्दै सुनाए। माघको आधाआधीसम्म पैसाको जोहो भयो। कबोलेमुताबिक पैसा जम्मा हुन त बाँकी थियो। तर आफन्तबाट गुलियो वचन पाइसकेकाले परिवार विश्वस्त थियो। माघ २६ गते उनी दुबईतर्फ लागे। जहाज चढ्नै आँट्दा ऋण सम्झिएर एकपटक त मुटु ढक्क फुलेको थियो। कति टाढा होला र अमेरिका त्यहाँ पुगेपछि त तिरिहाल्छु नि ठानेर फेरि आफैलाई सम्झाएँ,' उनले भने, 'त्यहाँ छिरेकाले महिनाकै चार लाखसम्म कमाइरहेका उनीहरूका आफन्त बताउँथे। अमेरिका पस्न पाएँ भने त एक वर्षमै ऋणको सावाँ–ब्याज बुझाइहाल्छु नि भन्ने आत्मविश्वास पो आयो। रूकुमबाट उनीसहित पाँच जना अमेरिकाका लागि हिँडेका थिए। त्यो लटमा १६ जना रहेछन्। सबैको संघर्ष, सपना, उडान र गन्तव्य साझा थियो। उडानका क्रममै उनीहरू साथी बनिहाले।

ब्राजिलबाट अमेरिकी सपना हिँड्दै पछ्याउनुपर्ने भएकाले कस्तो होला त्यो रूट? कहिले पुगिन्छ होला त्यहाँ ? यस्ता कुरा उनीहरूको मनमा खेलेका थिए। यी अव्यक्त भावहरू उनीहरू एकअर्काका आँखामा देख्थे। मुसुक्क मुस्कुराउँथे। करिब ५ घन्टाको उडानपछि उनी दुबई अवतरित भए। दुबई झरेको दुई–तीन दिनभित्रै अमेरिकाकाको यात्रा सुरू हुने एजेन्टले वचन दिएको थियो। त्यहाँ एउटा होटलको प्रबन्ध गरिएको रहेछ। नेपाली मात्रै बस्ने होटलजस्तो देखिन्थ्यो त्यो। लिफ्ट, बरन्डा, बेसमेन्ट, रेस्टुरेन्टमा सबैतिर प्रायः नेपाली भेटिन्थे। होटलमा काम गर्नेहरू पनि अक्सर नेपाली नै भेटिन्थे। 'दुबई बस्दा यस्तो लाग्थ्यो, देश नै विदेश बसाइँ सर्दैछ, उनले भने। देश नै विदेश गइरहेको क्षणको साक्षी बसिरहेका उनलाई अमेरिका कहिले पुगौं भएको थियो। उनले जसलाई सोध्थे, ती सबैले अमेरिका जान लागेको बताउँथे। यसो भन्नेहरूमध्ये केही एक–दुई दिनपछि देखा पर्दैनथे।

एजेन्टहरूले बिस्तारै बिस्तारै मानिसहरू पठाउँदा रहेछन्। होटलका चोटाकोठाबाट कतिपयबीच भनाभन पनि सुनिन्थ्यो। कबोलेको रकम नदिएकाहरूसँग झगडै पर्ने रहेछ, यो सबै हामी हेरिरहेका थियौं, उनले भने। उनीसँगै रूकुमबाट आएकाहरू, एउटै लटमा परेकाहरू क्रमशः ब्राजिल हुँदै अमेरिकातर्फ लागे। कतिसँग बाटामा पनि कुरा हुन्थ्यो। आज पनामाको जंगल पस्न लागेको, एक सातासम्म सम्पर्क हुँदैन होला पनि भन्थे,' उनले सुनाउँदै गए, 'पछि सम्पर्क हुँदैनथ्यो। त्यसरी जानेहरू कति अध्यागमनको कस्टडीमा लामै समय जाकिँदा रहेछन्। कति उम्किँदा पनि रहेछन्।

यी सबैको साक्षी भएको एक साता बितिसकेको थियो। एजेन्टले उडाउने सुरसार गरेन। आजभोलि भन्दै दस दिन बितायो। अहँ ब्राजिल पठाउने सुरसार गरेन। पर्यटक भिसाको म्याद गुज्रने भय बढिरहेको थियो। होटल छाडेर बाहिर जाऔं, प्रशासनको नजर पर्ने डर थियो। होटल परिसर, बरन्डा, बेसमेन्ट आदिसम्म मात्रै निस्कन मिल्ने अवस्था थियो। यसरी बन्दीसरह जीवन बिताएको १५–१६ दिन हुन लागिसकेको थियो। एजेन्ट अमेरिका जान अन्यत्र देशतर्फ उडाउने होइन कि सम्पर्कमा आउन पनि छाड्यो। फोन सम्पर्क नहुने, सम्पर्क भए पनि कल नउठाउने आदि समस्याले उनीहरू आजित भएका थिए। एकदिन होटलको आँखा छलेर उनीहरू बाहिरतिर के निस्किएका थिए, सहायक एजेन्टसँग जम्काभेट भयो। भारतीय मूलका जस्ता देखिने ती एजेन्ट कहाँका थिए, उनीहरूलाई थाहा छैन। मुख्य एजेन्टले गराइदिएको सम्पर्कका आधारमा कुराकानी भइरहेको थियो। बाटमा फेला पर्नासाथ भिसा पर्खिइरहेका ताडित युवाको घेराबन्दीमा परिहाले। तिनले होटलसम्म ल्याइपुऱ्याएर केरकार गर्न थाले।

एजेन्ट अनेक बहाना गरेर उम्कन खोजिरहेको थियो। उडाउने दिनको ठोस जबाफ खोजिरहेका युवाले उसलाई फुत्कन दिएनन्। धम्कामुक्का चल्यो। आक्रोशित युवाले मुक्का हान्दा ती सहायक एजेन्ट रगतपच्छे हुन पुगे। अघिल्तिरको दाँतसमेत झरेछ। आफ्नो सम्पर्क सूत्रबाट जम्मा भएका युवा आक्रोशित बन्दै गएको र स्थिति काबुबाहिर पुगेको मुख्य एजेन्टले पनि थाहा पायो। प्रहरी केस चल्ने भय बढेपछि कमलसहित आक्रोशित केही युवालाई भिसा मिलाएर भारत पठाइदियो। त्यतिञ्जेल कमलले एजेन्टलाई ३३ लाख बुझाइसकेका थिए। दुबई बस्दा थप केही ऋण थपिएको थियो। अमेरिकी सपनाको उडान अनिश्चित थियो। ऋणको सावाँ–ब्याजको भारी बढ्ने उपक्रममा थियो।

यात्रा थप अनिश्चयको भुँवरीमा फस्यो त्यहाँबाट कसरी उम्किने ? उनले केही भेउ पाएका थिएनन्। भारत फर्किएपछि पनि एजेन्टले आश्वस्त पार्न छाडेका थिएनन्। सम्पर्क भएपिच्छे उनले अमेरिका पठाइछाड्ने वचन दिन्थे। तर मनमा गहिरिँदै गएको घाउ वचनले मात्र निको हुने अवस्था थिएन। वचनको विश्वास गर्नुको विकल्प पनि उनीसँग थिएन। भारत फर्किएको केही समय भएको हुँदो हो, दुबईमा रहेका मुख्य एजेन्टले नेपालमै भएको अर्को सम्पर्क सूत्र पहिल्याइदियो। मानव तस्करको अन्तर्राष्ट्रिय गिरोहको सञ्जाल गाउँगाउँमा पुगेको थियो। तिनले नेपालमा बचेखुचेका युवालाई प्रलोभनमा पारिराखेका थिए।

कमल तातो तावाबाट उम्किएर आएका थिए। अब पालो भुंग्रामा पर्ने थियो। भारत हुँदै नेपाल फर्किएको केही समयपछि दुबईमै रहेका मुख्य एजेन्टले अर्को सम्पर्क सूत्र भेट्टाइदियो। तिनले नेपालकै अर्को एजेन्टसँग सम्पर्क गराइदियो, कमलले सुनाए। अघिल्लो दलाललाई जुन रितले पैसा बुझाएका थिए, ती दलाललाई पनि सोही रितले पैसा बुझाए। सुरूमा पाँच लाख रूपैयाँसहित पासपोर्ट दलालको हातमा थमाइदिए। ती दलालले पनि उनलाई दुबईकै पर्यटक भिसा लगाइदिए। अमेरिकाको गन्तव्य तय गर्न उनी पुनः दुबई उडे। यसबीच घरपरिवारले अब अमेरिका जानुपर्दैन, जायजेथा बेचेर भए पनि ऋण तिरौंला। फेरि आत्तिइहाल्नुपर्ने गरी ऋण लागेको छैन त भन्नुभएको थियो, कमलले भन्दै गए, तर आफूले थाहा पाएकाजति साथी सजिलैसँग अमेरिका पुगिरहेका थिए, मलाई पनि कसो जान नसकूँला त भन्ने लाग्यो। अमेरिकी सपना पछ्याउँदै उनी दोस्रोपटक दुबई उडेका थिए। चार महिनापछि उनी पुनः दुबई पुगेका थिए।

दोस्रोपटक दुबई पुगेपछि ढुक्क भएको थिएँ त्यो लटमा २०–२५ जना नेपाली हुँदा हुन्। अधिकांश रूकुम, रोल्पा, दाङ घर भएको बताउँथे। उनीहरू सबै यसपालि एजेन्ट राम्रो परेकाले अमेरिका पुगिने बताउँथे, कमलले सुनाए। उनको अमेरिकी सपनाको दुःख सकिएको थिएन। दोस्रोपटक भेटिएका दलाल पनि भरपर्दो परेनन्। अघिल्लोपटक उनी १५–१६ महिनामै दुर्घटनावश फर्किएका थिए। दोस्रोपटकको बसाइ झन् पट्यारलाग्दो भयो र त्यो क्रमशः लम्बिँदै गयो। दलाल नियमित सम्पर्कमा भएकाले विश्वास मुर्झाइसकेको थिएन। तर बसाइ अनिश्चित बन्दै गइरहेको थियो। एक–दुई महिना हुँदै वर्षदिन बित्यो। अहँ दलालले उडाउने सुरसार गरेन। मुख्य एजेन्टसँग सम्पर्क हुने होइन। उसले भेटाइदिएका सहायक एजेन्टसँग कुरा गर्‍यो, स्पष्ट जवाफ दिँदैन। बाहिर निस्किएर काम गरौं, इलिगल (अवैध) बसिरहेका छौं, पाउनु–नपाउनु दुःख पो पायौं, उनले भन्दै गए।

त्यतिञ्जेल दोस्रो दलाललाई पनि उनले २० लाखभन्दा बढी बुझाइसकेका थिए। उनले थप रूपैयाँ पनि माग गरिरहेका थिए। होटलमा बस्दाबस्दा झन्डै चार लाख सकिइसकेको थियो। १५ महिनाभन्दा बढी बस्दा पनि अमेरिका जाने टुंगो लागेको थिएन,' उनले भने, 'त्यसपछि भने मनले हरेश खायो। गत कात्तिक मसान्तताका अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भए। ट्रम्प निर्वाचित भएर आएपछि आप्रवासनसम्बन्धी कानुनमा व्यापक हेरफेर गर्छन् भन्ने हल्ला चलिरहेकै थियो। अवैध रूपमा अमेरिका छिर्ने सबै बाटा बन्द गर्छन् भन्ने हल्ला विश्वव्यापी थियो। जो बाइडेनका पालामा मानिसहरू सजिलै अमेरिका पसिरहेका थिए। मेक्सिको हुँदै चोर बाटाबाट अमेरिका छिरेकाहरू केही महिनासम्म अध्यागमनको हिरासतमा बस्थे। त्यसपछि उनीहरूले अमेरिका प्रवेशको अनुमति पाइहाल्थे। फिर्ता पठाइने (डिपोर्ट) को संख्या अत्यन्त न्यून थियो। त्यति बेलासम्म हामीसँगै गएका रूकुमकै सात जनाले डिपोर्ट खानुभएको थियो,उनले भने, 'उनीहरूले केस त हालेका थिए। तर तीनतिर लिइने बयानमा उनीहरूको कुरा फरकफरक भयो। कागजात र कारण पनि राम्रो बताउन सकेनन्। अन्तिममा फर्काइए। अमेरिका पुग्न दलाल भरपर्दो चाहिन्छ। त्यहाँ पुगेपछि राम्रो वकिल चाहिन्छ। वकिल गतिलो परेन भने डिपोर्ट खाइहालिँदो रहेछ कमलले सुनाए। ट्रम्प निर्वाचित भएपछि कमलको मात्र होइन, धेरैको मनमा भुइँचालो गयो। उनीहरू दलालको गुलियो वचन नाघेर क्रमशः देश फर्कन थाले।

कमल दुबई बसेको १९ महिना बितिसकेको थियो। दलालले आश्वासन दिन छाडेको थिएन। ट्रम्प निर्वाचित भए पनि राष्ट्रपतिको शपथ लिन अझै केही समय बाँकी रहेकाले यो अवधिमा बाइडेन प्रशासनकै नीति लागू हुने हुँदा अमेरिका छिर्न कष्टसाध्य नरहेको बताउँदै लोभ्याइरहेकै थियो। तर यात्रा दुबईबाटै अघि नबढेकाले उनीहरूले भर पर्ने आधार भेटेनन्। १९ महिनापछि कमल र उनका साथीहरूले पुनः दुबईको बसाइ बिट मारे। जसोतसो भारतको नयाँदिल्ली फर्किए। रूपैडिया–जमुनाह नाका हुँदै नेपाल फर्कने निधो गरे। हामी बसेको होटल र आसपासका अन्य होटलमा गरेर दुई सयभन्दा बढी नेपाली अझै त्यहीँ हुनुहुन्थ्यो। दलालले अझै आश्वासन दिइरहेकाले उहाँहरू फर्कन मानिराख्नुभएको थिएन। ४०–५० लाख खर्च भइसकेको छ। नेपाल फर्किएर पनि के गर्नु, यहीँ केही उपाय लाग्छ कि भन्दै हुनुहुन्थ्यो,' कमलले सुनाए। कमल र उनका साथीहरूले त्यो बाटो खोजेनन्। कमल नेपाल फर्किएको पनि चार महिना बितिसकेको छ। पहिलोपटक ३७ र दोस्रोपटक २२ गरी ५९ लाख रूपैयाँ उनले अमेरिकी सपनाको भुंग्रोमा परेर खर्च गरे। ३३ लाख रूपैयाँको घडेरी पनि यही मोहोरीमा परेर स्वाहा भयो।

दुबई र काठमाडौं बस्दासमेतको खर्च जोड्दा अहिले मेरो थाप्लोमा २८ लाख रूपैयाँ चोखो ऋण छ, कमलले निरूपाय हुँदै सुनाए, अमेरिकी सपनाको मोहोरीमा परेर हुँदाखाँदाको जागिर र जेथा नै गुमाएँ। अहिले सम्झँदा सर्वश्व नै गुमाएँजस्तो लाग्छ। श्रीमती काखको छोरो हेर्दै रोइरहन्छिन्, यस्तो बेला मैले के भन्नुपर्ने हो त्योसमेत थाहा पाइराखेको छैन। नेपाल फर्किएको केही समय उनले गाउँमा पनि बिताए। आफू गाउँमै बस्दा परिवारलाई थप पीडा होला भनेर उनी काठमाडौं फर्किए। अहिले उनी खाडी मुलुक भए पनि जाने ध्याउन्नमा छन्।

अमेरिका जान नसकेपछि आवेगमा आएर पासपोर्ट फालिदिएँ। अहिले अर्को पासपोर्ट बनाउने पैसासमेत छैन,' उनी भन्दै थिए। कमलको यति पीडा सुनिसकेपछि उनीसँगकै सम्पर्कका आधारमा हामीले दुबईमा रहेका केही नेपालीसँग कुरा गर्‍यौं। दाङ, रोल्पा, रूकुम घर बताउने ती युवा अझै अमेरिका जाने सपनाकै भुँवरीमा छन्। दलालले अर्को बाटो पहिल्याएका छौं भनेको छ। उसले अमेरिका पुऱ्याइछाड्ने वचन दिएको छ, संचारकर्मीसँग सम्पर्कमा आएका ती युवाले भने। कमलका अनुसार अवैध बाटो अमेरिका जान खोजेका डेढ सयभन्दा बढी युवा अझै दुबईको होटललाई आश्रय थलो बनाएर उपाय खोजी गरिरहेका छन्। ती सबै युवालाई दलालले अमेरिका छिराइछाड्ने आश्वासन दिएको छ। घर फर्किएर पनि के गर्ने टुंगो नभएका केही युवा दुबईमै कामदार भिसा लिएर कामको खोजीमा निस्किएका छन्। 'एजेन्टले अहिले दुबईमा काम गर्ने र ट्रम्पको कार्यकाल सकिएपछि पुनः अमेरिका छिराउँला भनेर पनि कतिपयलाई आश्वासन दिएको छ, कमलले सुनाए, कतिपय त त्यतिञ्जेलसम्म पर्खने सोचाइमा समेत छन्।

उनका अनुसार दुबईमा मात्र होइन, अमेरिका पठाउने भनेर दलालहरूले नेपालमै पनि पैसा उठाइरहेका छन्। 'स्पेनको बाटो हुँदै जान सकिन्छ भनेर पैसा उठाएका रहेछन्। उनीहरूसँग सुरूमै १०–१० लाख उठाइएको रहेछ। चार जना मेरै साथीले त्यसरी पैसा दिएका रहेछन्। तर अघिल्लो लटमा पैसा दिएकाहरू स्पेनबाट अघि बढ्न सकेका रहेनछन्, कमलले भने, 'राम्रो सेटिङ हुनेले अझै अमेरिका छिराइरहेका छन्। नेपालीले त सक्दैनन्, भारतीय र बंगालीहरूले यो काम अहिले पनि गरिरहेका छन्।' अझ आश्चर्यको कुरा त, अमेरिका पुगिछाड्ने आस बोकेका केही युवा ब्राजिलको बाटो हुँदै अझै पनामाको कष्टसाध्य जंगल छिचोलिरहेका छन्। कमलको भाइ नाता पर्ने सुदीप पनि अहिले डेरियन ग्याप' भनिने पनामाको जंगल काट्दै छन्। उनी कहाँ पुगेर रोकिन्छन् यसै भन्न सकिँदैन।

सुदीपसँग मेरो केही दिनअघि मात्रै कुरा भएको थियो। उनीसँगै १७ जना नेपाली रहेछन्। सबै पनामाको जंगल छिचोलिरहेका छन्, कमलले भने, सुदीपले अहिलेसम्म ४० लाख रूपैयाँभन्दा बढी सकिएको बताउँथ्यो। अरूको पनि त्यत्तिकै हाराहारी पैसा खर्च भइसकेको छ। तर अमेरिका छिर्न सक्ने हो कि होइन केही थाहा छैन। गत बुधबार (फागुन २१) मात्रै ९ नेपाली अमेरिकाबाट स्वदेश फर्काइए। उनीहरू सबै ९ महिना डिटेन्सन ( अध्यागमनको हिरासत) मा बसेर आएका हुन्। अध्यागमनको अदालतले उनीहरूलाई डिपोर्ट (निकाला) गर्न आदेश दिएको थियो। आफै स्वदेश फर्कन नमानेपछि उनीहरूलाई हतकडी नै लगाएर नेपाल फिर्ता गरियो। आठ जना चार्टर्ड र एक जना व्यावसायिक उडानमार्फत् नेपाल आएका थिए।

ट्रम्पले प्रशासन सम्हालेयता ३५ जनाभन्दा बढी नेपाली डिपोर्ट भइसकेको अभिलेख

–बाँकी अन्तिम पेजमा

# वैदेशिक रोजगारीबाट फर्किएका इन्द्रलाल केराखेतीबाट मासिक १ लाखसम्म आम्दानी गर्दै

जनकपुर, २५ फागुन। बागमती नगरपालिका–१० निवासी ४७ वर्षीय इन्द्रलाल बल विगत नौ वर्षदेखि केराखेतीमा सम्लग्न रहेका छन्। उनले साढे सात बिघा खेतमा केराखेती गरेका छन्। उनले भने, ‘मेहेनतअनुसारको उत्पादन र उत्पादनअनुसारको राम्रो व्यापार भएका कारण केराखेतीबाट मनग्य आम्दानी भइरहेको छ। कृषि उत्पादनमा व्यावसायिक रूपले जोडिनुपर्ने उनको तर्क छ। ‘हामी आफ्नो माटोमा सुन फलाउन छाडेर विदेशमा पित्तल कमाउन पुग्ने गर्छौं’, उनले भने। झण्डै पाँच वर्ष वैदेशिक रोजगारीमा मलेसिया मा विताएका उनी युवाहरूलाई देशमै केही गर्न आग्रह गर्छन्।

विगत एक दशकदेखि बिहान सबेरैदेखि साँझ अबेरसम्म उनी केराबारीमा भेटिन्छन्। खेतीबारी राम्रो हुन त्यसलाई पर्याप्त स्याहारसम्भार गर्नुपर्ने उनको अनुभव छ। ‘हाम्रो बानी कस्तो छ भने खेतमा बाली लगाउने अनि फर्केर नजाने’, उनले भने, ‘यसरी खेती हुँदैन, हाम्रा पितापुर्खाले भन्ने गर्नुभएको उखानै छ। घोकन्ते विद्या, ध्याउन्ते खेती।

बुबा बाजेले खेतीपाती गरेको देखेर हुर्किएका उनले राजनीतिशास्त्रमा प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन्। तत्कालीन राज्यसत्ताविरुद्ध माओवादीले गरेको सघर्षमा होमिएका उनी २०६५ सालमा वैदेशिक रोजगारीमा गए। ‘देशमा माओवादी सघर्ष थियो। म पनि त्यसैमा होमिएको थिएँ। विसं २०६२/६३ मा काठमाडौँ केन्द्रित आन्दोलन भयो। त्यहाँ पनि निकै नाराबाजी गरियो, उनले विगत सम्झिए।

शान्ति वार्तापछि माओवादी सरकारमा गयो। हामी परिवार पाल्नै नसक्ने भएपछि भारतको बाटो हुँदै मलेसिया पुग्यौँ। माओवादी द्वन्द्वबाट आएका ४२ जना एकैपटक मलेसिया अवतरण भएका थियौँ। विदेशको भूमि, हावापानी, रहनसहन, भाषा, वेशभूषा सबै नयाँ। हामीलाई त्यहाँ महिनौँसम्म मार्बल र ढुङ्गा बोकाइयो। निकै कष्ट भयो। सीपबिनाको वैदेशिक रोजगारी पशुले गर्ने सघर्ष हुने उनको भनाइ थियो।

यसरी पाँच वर्ष काम गरेपछि २०७१ सालमा स्वदेश फर्किएँ। विदेशबाट ल्याएको पैसा एउटा घर बनाउने बित्तिकै सकियो। फेरि दैनिक छाक टार्ने धौधौको अवस्थामा पुगियो। परिवार बिरामी पर्दा छिमेकमा सापटीसमेत पत्याउन छाडे। काम र दुःख सम्झेर विदेश जाने आँट पनि आएन। त्यसपछि छिमेकीको खेत भाडामा लिएर केराखेती सुरु गरेको उनले सुनाए। त्यसयता उनले दुःखलाई फर्किएर हेर्नुपरेको छैन।

गाउँमा रु पाँच सय कसैले नपत्याउने अवस्थाबाट केराखेतीले सम्मानजनक जीवन दिएको उनको कथन छ। पुर्ख्यौली सम्पत्तिका नाममा तीन कट्ठा जग्गा पाएका उनले १० वर्षमा १५ कट्ठा खेत, दुई ठाउँमा घडेरी जोडेको बताए। तीन सन्तानलाई उनीहरूले चाहेअनुसार आजको युग सुहाउँदो शिक्षादीक्षा यसै खेतीको आम्दानीबाट पूरा गरिरहेको उनको भनाइ छ। उनले एक छोरालाई फार्मेसी पढाए। दुई सन्तान उच्च शिक्षा अध्ययनरत छन्। छोराछोरीलाई आजको समाजमा बाँच्न सक्ने वातावरण तयार गर्न सक्नु नै ठूलो सम्पत्ति आर्जन भएको बताउँछन्। आफूहरूजस्तो निम्नवर्गीय परिवारका लागि शिक्षा निकै महँगो बन्दै गएको छ। पैत्रिक सम्पत्तिका नाममा तीन कट्ठा खेत पाएका उनले छिमेकीको एक बिघा खेत भाडामा लिएर केराखेती सुरु गरेको बताए।



उनको केराखेती अहिले साढे आठ बिघा पुगिसकेको छ। उनले वर्षको प्रतिकट्ठा रु चार हजार आठ सयदेखि छ हजार पाँच सयसम्म भाडा तिर्छन्। केरा रोपेको १२ देखि १४ महिनाबाट उत्पादन दिन सुरु हुन्छ। नौ हजार दुई सय बोट केरा रहेकामा प्राकृतिक प्रकोपमा परेर वर्षमा सय बोटसम्म केरा क्षति हुने गरेको उनको भनाइ छ। सुरुमा खनजोत, मलखाद, मजदुर गरी रु २२ लाख लगानी गरेको खेतीबाट १४ महिनामा रु ३१ लाख बढीको केरा बिक्री गर्ने उहाँको भनाइ छ। ‘प्रतिघरीमा ९० देखि एक सय कोसा केरा फल्छ’, उनले भने, ‘मैले मालभोग र नाइन ग्रेड (घ्यू) केराको बोट लगाएको छु।

नाइन ग्रेडको घरीमा दुई सय कोसासम्म फल्छ।’ प्रतिकोसा रु ३.५० पैसाका दरले कम्तीमा तीन सय ५० देखि पाँच सयसम्म प्रतिघरी केरा बिक्री हुन्छ। छठ तथा चाडपर्वमा अझै महँगोमा बिक्री हुने उनले जानकारी दिए। यहाँ उत्पादन भएका केरा स्थानीय हरिवन, बरहथवा, नयारोड, सोल्टीलगायत बजारसम्म लैजाने गरिएको छ।

बजारको मागअनुसार केरा दिन नसकेको उनले सुनाए। ‘हप्तामा दुई सय ५० घरीभन्दा धेरै केरा पसलेले माग्नुहुन्छ, उनले भने, ‘छ–सात बिघामा गरेको खेतीले पुर्याउन गाह्रो छ। थोरैथोरै गरेर दिने गरेको छु।’ पैसासमेत दैनिक पाइने भएपछि खेती गर्न उत्साह थपिने गरेको उनी सुनाउँछन्। किसान बलले केराखेतीमा पाँच जनालाई नियमितजस्तै काम दिने गरेका छन्। त्यहाँ पात काट्ने, गोडमेल गर्ने, मलजल गर्ने, केरा काट्नेलगायत काम हुन्छ।

उनी आफैँ पनि नियमित काम गर्ने भएकाले एक जना मजदुरको काम आफैँले भ्याउने गरेको उनको भनाइ छ। भारतीय केराका कारण बेलाबेलामा बजारमा समस्या हुने गरेको उनले सुनाए। भारत सरकारले किसानलाई खेती, लगानी र ढुवानी गरेर ९० प्रतिशतसम्म अनुदान दिएको केरासँग हाम्रो महँगो लगानीको उत्पादनले प्रतिस्पर्धा गर्नुपर्दा समस्या हुने गरेको उनले बताए। राज्यले थोरै राजस्वको लोभमा देशका किसानलाई पेसाबाट पलायन गर्ने नीति सुधार गर्नुपर्ने उनको माग छ। स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर अपुग सामानमात्र भित्र्याउनुपर्ने उनी बताउँछन्।

खेतमा बिरुवा लगाएर राजनीति गर्ने र कम्मरमा हात लगाएर बस्नेहरूले खेती हुन्न। बजार छैन, कृषि डुब्नका लागि गर्ने हो भन्ने भाष्य सृजना गरेकामा उनले दुःख व्यक्त गरे। यस्ता भाष्यले समाजमा कृषि कर्मप्रति नै नकारात्मक सोचको विकास गरेकाले युवाहरू यही कृषि कोरिया, जापान, अष्ट्रेलिया गएर गर्न लालायित हुने तर नेपालमा खेत बाँझै हुने अवस्था आएको किसान बलको बुझाइ छ।

कृषि गर्छु भन्नुभन्दा पनि किसानले आफूले लगाएको बिरुवाको भाषा बुझ्ने गरी अभ्यस्त हुनुपर्ने उनी बताउँछन्। बोटबिरुवासँग बिहान, दिउँसो र बेलुका भेट गर्ने र उनीहरूको कुरा बुझ्नेले मलजल गरेमात्र उत्पादन वृद्धि हुन्छ। उनले भने, ‘उत्पादन बढेपछि मात्र आम्दानी बढ्ने हो। बलले केराखेतीबाट सबै खर्च कटाएर मासिक रु एक लाखसम्म आम्दानी गरिरहेको भन्दै यस पेसाले आफूलाई सन्तुष्टि दिएको प्रतिक्रिया दिए। कुनै पनि कृषिलाई उन्नत बनाउन राज्यले प्रविधिको उपयोग तथा खेती प्रणालीको विकासमा भने ध्यान दिनुपर्ने उनी बताउँछन्।

# उखु अभावले क्रसिङ प्रभावित

सर्लाही, २५ फागुन। सर्लाहीका दुई वटा चिनी उद्योगले यस वर्षको क्रसिङ बन्द गरेका छन् भने अर्को चिनी उद्योग पनि बन्द हुने तरखरमा छ। जिल्लाको दक्षिणी क्षेत्रस्थित महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकोलले चालु सिजनका लागि उखु क्रसिङ बन्द गरेका हुन्। शनिबार बिहानबाट बन्द भएको अन्नपूर्ण चिनी उद्योगले नौ लाख २१ हजार क्विन्टल उखु क्रसिङ गरेको उद्योगका सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए। महालक्ष्मी चिनी उद्योग बगहद फागुन २१ गतेबाटै बन्द भएको उद्योगका प्रशासकीय प्रबन्धक शिवशङ्कर कुशवाहाले जानकारी दिए। कुशवाहाका अनुसार महालक्ष्मीले यस वर्ष १३ लाख ८० हजार १०४ क्विन्टल उखु क्रसिङ गरेको छ।

अन्नपूर्ण र महालक्ष्मी दुवै उद्योगले किसानको बाँकी भुक्तानी चैत तेस्रो साताभित्र भुक्तानी दिइसक्ने बताएका छन्। दुवै उद्योगले माघसम्मको भुक्तानी दिइसकेको दाबी गरेका छन्। हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगले भने फागुन २७ गतेसम्म उखु क्रसिङ गरेर मिल बन्द गर्ने जनाइएको छ। उद्योगका उखु प्रबन्धक योगनारायण रजकले उद्योगमा जतिसक्दो चाँडो उखु ढुवानी गरिसक्न किसानलाई अन्तिम पटकको सूचना जारी गरिसकिएको र २७ गतेबाट उद्योग बन्द हुने बताए।

किसानले उखु ल्याउन छाडेपछि इन्दुशङ्कर चिनी उद्योग विगत एक सातादेखि ‘नो क्यानमा सञ्चालन भइरहेको उखु प्रबन्धक रजकले बताउनुभयो। उहाँका अनुसार उद्योगले २९ लाख ३१ हजार क्विन्टल उखु क्रसिङ गरिसकेको छ। फागुन २७ गते उद्योग बन्द गर्ने बेलासम्म उखु क्रसिङ ३० लाख क्विन्टलसम्म पुग्ने इन्दुशङ्कर चिनी उद्योगले जनाएको छ। यस वर्ष उखु उत्पादन घटेकाले हरेक चिनी

उद्योगले किसानलाई एक हप्तादेखि १० दिनभित्रैमा भुक्तानी गरेका छन्। उद्योगबाट भुक्तानी लिन यस वर्ष खासै समस्या नरहे पनि सरकारले प्रदान गर्ने प्रतिक्विन्टल ७० रुपियाँ भने अनिश्चित नै रहेको नेपाल उखु उत्पादक महासघका अध्यक्ष कपिलमुनि मैनालीले गुनासो गरे।

**एभरेस्ट चिनी मिलमा पनि समस्या**

महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलमा आवश्यक उखु आपूर्ति हुन नसक्दा मिल पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। महाप्रबन्धक सुरेन्द्र शुक्लाका अनुसार पूर्ण क्षमता अनुसार मिल सञ्चालन हुन दैनिक ४५ हजार क्विन्टल उखु आवश्यक पर्छ। त्यसबाहेक पनि कारखाना परिसरमा १० हजार क्विन्टल उखु जगेडा चाहिन्छ। यसबिच आवश्यकताको आधा पनि उखु आपूर्ति हुन नसक्दा क्रसिङ प्रभावित भएको हो। यस वर्ष एभरेस्टले मङ्सिर २६ गतेदेखि क्रसिङ सुरु गरेको थियो। सुरुमा शीतलहरले गर्दा क्रसिङ प्रभावित भयो भने फागुन तेस्रो सातादेखि उखु आपूर्ति दैनिक १५ हजार क्विन्टलमा झरेको छ। कम्पनीका महाप्रबन्धक विनोद यादवले शनिबारसम्म क्रसिङ सुरु भएको ९० दिन पुगेको छ। यस अवधिमा सुरुका केही दिन मात्र कारखानाले पूर्ण क्षमतामा चिनी उत्पादन गरेको उनले जनाए।

उनले भने “यसबिच उखुको कमीले २३ दिन क्षमता घटाएर ‘लो क्रसिङ’ गर्नु पर्‍यो। त्यसपछि ‘नो केन’ ले गर्दा १३५ घण्टा उत्पादन ठप्प भयो। पछिल्लो तीन दिनदेखि दिनभर उखु जम्मा गर्ने र रात परेपछि बढीमा १० घन्टा मात्र क्रसिङ गर्न सकिएको छ।” आवश्यक उखु आपूर्ति हुन न सकेपछि मिलले तीन दिनअघि सार्वजनिक सूचना जारी गरी बाँकी रहेका उखु सक्दो छिटो उपलब्ध गराउन किसानलाई आग्रह गरेको छ। उखु उत्पादक कृषक सघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाका अनुसार किसानका खेतमा उखु सकिँदै गएकाले उखु आपूर्तिमा कमी आएको हो।

किसानले उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ७५० रुपियाँ कायम गर्नुपर्ने माग गर्दै आएका छन्। सरकारले भने कारखानाले दिँदै आएको साबिक ५४० रुपियाँमा २० रुपियाँ मात्र वृद्धि गरी प्रतिक्विन्टल ५६० रुपियाँ तोकेको छ। उखु कृषकले भने यो वृद्धिप्रति असन्तुष्टि जनाएका छन्। मूल्य असन्तुष्टिले उखु खेतीप्रति किसनहरूको मोहभङ्ग हुँदै गएकाले त्यसको असर चिनी कारखानाको उत्पादनमा परेको अध्यक्ष कुशवाहाले जनाए।

## एकातिर हतकडी

अध्यागमनसँग छ। कति फिर्ता पठाइने उपक्रममा छन्। यसरी अवैध बाटाबाट अमेरिका छिर्न खोज्ने आप्रवासीप्रति ट्रम्प प्रशासन कठोर बनिरहेका बेला कतिपय नेपाली अझै पनि छिर्न सकिने आसमै भेटिन्छन्। अमेरिका छिर्ने सपनाको पछि लागेर मानिसहरूले सर्वश्व गुमाइरहेका छन्। मेरो थाप्लामा २८ लाख रूपैयाँ ऋण छ। दलाललाई सम्पर्क गर्दा फिर्ता गर्छु त भन्छ तर कहिले, कसरी र कुन रूपमा फिर्ता गर्छ यकिन छैन, कमलले भने। हुन पनि कमलजस्तै अरू पीडित युवालाई पैसा उठाउन गाह्रै छ। रकम उठाउन प्रहरी प्रशासनको सहयोग लिऊँ, मुद्दा–मामिलामा जाऊँ, वैध बाटोबाट पैसा दिएको होइन। चौकी धाइरहनुपर्ने र केरकारमा समेत परिने त्रास उनीहरूलाई छ। दलालले भनेअनुसार विभिन्न बैंक खातामा पैसा हाल्दै गएकाले ठगीको प्रमाण जुटाउन पनि मुस्किल छ। अन्तर्राष्ट्रिय गिरोहले यसरी चंगुलमा पारेका बेला उनीहरूकै आश्वासन, प्रलोभनलाई सत्य मानेर पछ्याइरहनुको विकल्प उनीहरूसँग कहाँ छ।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)